नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(योजना तथा वैदेशिक सहायता शाखा)

पत्र संख्या: २०८२/८३

चलानी नं: ९६३

planning@tourism.gov.np

मिति: २०८३।०२।२७

नेपाल सम्वत् ११४६

श्री १२९ वटा स्थानीय तहहरू,

(पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन भएका)

विषय: जानकारी सम्बन्धमा।

विगतमा यस मन्त्रालय र स्थानीय तह बिचको सहकार्यमा सञ्चालित पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन भएकोमा, पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ तथा उक्त कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहले पालना गर्नु पर्ने सर्त सम्बन्धी यस मन्त्रालयको मिति २०७७।११।०३ गतेको सचिव स्तरीय निर्णय बमोजिमका १३ बुँदे सर्त अनुसार उक्त आयोजनाको कार्य सम्पन्न गर्ने अवधि २०८० फागुन मसान्तमा नै समाप्त भइसकेको छ। उक्त १३ बुँदे सर्तको बुँदा नं. ८ र १० बमोजिम तोकिएको म्यादभित्र सम्पन्न नभएका आयोजनाका बाँकी कार्य तथा सोबाट सिर्जित वित्तीय दायित्व सम्बन्धित स्थानीय तहले नै बेहोर्नुपर्ने व्यवस्था रहेको। चालु आर्थिक वर्षमा उक्त बजेट खर्च शीर्षक नभएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ। साथै मिति २०७७।११।०३ गतेको १३ बुँदे सर्तहरू पाना थान -२ (दुई) यसै पत्रसाथ संलग्न छ।

(विकाश शर्मा रिजाल)

शाखा अधिकृत

Scanned with CamScanner

पर्यटन पूर्वाधार निर्माण तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा प्रचलित कानुन, साझेदारि सम्वन्धी निर्देशिकाका अतिरिक्त तपशिल बमोजिमका शर्तहरु अनुसार गर्नुपर्नेछः

१. कार्यक्रम सञ्चालन "पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७७" बमोजिम गर्नु पर्नेछ ।

२. पालिकाले मन्त्रालयसँग सम्झौताका लागि निर्देशिकाको अनुसूची २ फाराम पालिका प्रमुखले प्रमाणित गरी ई-मेल planning@tourism.gov.np र मन्त्रालयको वेवसाईटमा साझेदारी सम्वन्धी मेनु वा http://२०२.४५.१४५.१६६/ मा Log in गरी अपलोड गर्नु पर्नेछ । सो फाराम प्राप्त भएपश्चात मन्त्रालयको तर्फवाट हस्ताक्षर भएको फाराम पालिकालाई उपलब्ध गराइनेछ ।

३. पालिकाले खरिद प्रकृया सम्पन्न गरी ठेक्का सम्झौता भए पश्चात सम्झौता रकममा माथि उल्लिखित निर्देशिकामा व्यवस्था भए बमोजिमको भार अनुसारको रकम लागत साझेदारी हुनेछ ।

४. जुन कार्यक्रम प्रस्ताव गरी सम्झौता भएको हो सो बाहेक अन्य कार्यक्रम वा अन्यत्र बजेट कार्यान्वयन गर्न पाईने छैन ।कार्यक्रम टुक्र्याई कार्यान्वयन गर्न पाइने छैन ।

५. कार्यक्रम कार्यान्वयन गर्दा विद्युतीय खरिद प्रकृया (e-bidding) मार्फत गर्नु पर्नेछ, उपभोक्ता समितिवाट गर्न पाइने छैन । पुरातात्विक महत्वको स्थलको सन्दर्भमा पुरातत्व विभागसँगको समन्वयमा प्रचलित कानुन अनुसार गर्नु पर्नेछ ।

६. ठेक्का सम्झौता भए पश्चात सम्झौता रकमको मन्त्रालयले व्यहोर्ने भारको २० (बीस) प्रतिशत रकम प्रथम किस्ता वापत सम्बन्धित पालिकामा पठाइनेछ । थप रकम कार्यक्रम कार्यान्वयनको प्रगतिका आधारमा निकासा गरिनेछ । पालिकाले चौमासिक रुपमा प्रगति विवरण संलग्न राखी निकासा माग गर्नु पर्नेछ ।प्रगति विवरणमा भौतिक प्रगति, वित्तीय प्रगति (पालिकाको तर्फबाट भएको भुक्तानी समेत) र रनिङ विलको छाँया प्रति संलग्न गर्नु पर्नेछ ।

७. कार्यक्रमको भेरिएसन अर्डर (VO) वा मूल्य समायोजन गर्नु पर्ने भएमा कार्यान्वयन गर्ने पालिकाले नियमानुसार गर्नुपर्नेछ । भेरिएसन वा मूल्य समायोजन वापत थप दायित्व सृजना भएमा सो दायित्व सम्वन्धित पालिकाले आफ्नो श्रोतबाट व्यहोर्नु पर्नेछ ।

८. कार्य सम्पन्न गर्नु पर्ने अन्तिम मिति १ वर्षे आयोजनाको हकमा २०७८ फागुन मसान्त, २ वर्षे आयोजनाको हकमा २०७९ फागुन मसान्त र ३ वर्षे आयोजनाको हकमा २०८० फागुन मसान्त हुनेछ ।कार्य सम्पन्न गर्नुपर्ने अन्तिम मिति भित्र कार्यक्रम सम्पन्न भइसक्नु पर्नेछ । कार्यक्रम सम्पन्न भएको १ महिना भित्र अनिवार्य रुपमा भुक्तानी माग गरिसक्नु पर्नेछ ।

९. मन्त्रालयले चौमासिक रुपमा वा आवश्यकता अनुसार कार्यक्रम कार्यान्वयनको अनुगमन गरिनेछ । अनुगमनको क्रममा कार्यक्रम कार्यान्वयनलाई व्यवस्थित गर्न मन्त्रालयले दिएको सुझाव पालना गर्नु पालिकाको कर्तव्य हुनेछ ।

१०. तोकिएको म्याद भित्र योजना सम्पन्न नभएमा सो म्याद सम्म सम्पन्न भएका कार्यहरुको मूल्याङ्कन गरी मूल्याङ्कन अनुसार मन्त्रालयको पर्ने भार बमोजिमको रकम निकासा माग गर्नु पर्नेछ । तत्पश्चात योजना कार्यान्वयन तथा भुक्तानी लगायत सम्पूर्ण जिम्मेवारी सम्बन्धित पालिकाको हुनेछ ।

११. योजना कार्यान्वयनको प्रतिवेदन, लेखाङ्कन तथा लेखापरीक्षण सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धित पालिकाको हुनेछ ।

१२. यसका अतिरिक्त योजना कार्यान्वयनलाई थप व्यवस्थित गर्नका लागि मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र निर्देशन गर्न सक्नेछ ।

१३. थप जानकारीका लागि मन्त्रालयको ई-मेल planning@tourism.gov.np वा फोन नं ९८५१३१०८११ मा सम्पर्क गर्न हुन अनुरोध छ ।